# वैयक्तिक प्रारम्भिक सिकाइ योजना मार्गदर्शन

परिक्षणका लागि



# वैयक्तिक प्रारम्भिक सिकाइ योजना मार्गदर्शन

**सर्वाधिकार©**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

**प्राविधिक सहयोग**

सेतो गुराँस राष्ट्रिय बालविकास सेवा
Seto Gurans National Child Development Services
झम्सीखेल–०३, ललितपुर म.न.पा. बागमती प्रदेश, नेपाल

**संस्करण : वि.सं २०७९**

यस मार्गदर्शन पुस्तिकाको सर्वाधिकार नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा निहित रहने छ। यो मार्गदर्शन युनिसेफ नेपाल, ह्याण्डिक्याप इन्टरनेशनल र सेतो गुराँस राष्ट्रिय बालविकास सेवाको संयुक्त पहलमा विकास गरेर प्रकाशन गरिएको छ।

# हाम्रो भनाई

नेपालमा राष्ट्रिय स्तरमा प्रारम्भिक बालशिक्षा र विकास कार्यान्वयनमा ल्याइएको झण्डै चार दशक भइसकेको छ । यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाको लागि तयार गराउने कार्य गर्दै आएको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६ तथा पन्ध्रौं योजनाले चार वर्ष उमेर पुगेका बालबालिकाको लागि एक वर्षको प्रारम्भिक बालविकास शिक्षा कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरेको छ । यद्यपि कुल भर्नाको एक प्रतिसतभन्दा कम मात्र अपाङ्गता भएका बालबालिकाले प्रारम्भिक बालशिक्षा र विकास कार्यक्रममा पहुँच पाएको अवस्था विद्यमान छ । अपाङ्गता भएका बालबालिकाले प्रारम्भिक बालशिक्षा तथा विकासको अवसर पाएमा उनीहरूको विकास र सिकाइमा सुधार हुने मात्र नभई उनीहरूमा भएको अपाङ्गतालाई थप गम्भीर हुनबाट रोक्न सकिने मान्यता रहेको छ । अतः यस समूहका बालबालिकालाई प्रारम्भिक बालविकास शिक्षा कार्यक्रममा समावेश गर्न आवश्यक देखिन्छ । यसै सन्दर्भमा विद्यालय शिक्षा क्षेत्र योजना २०२१-२०३० ले अपाङ्गता भएका बालबालिकाको सिकाइ र विकासको आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरी कार्यान्वयन गर्ने रणनीति लिएको छ । सोही रणनीति अनुसार वैयक्तिक प्रारम्भिक सिकाइ योजना तयार गरी अपाङ्गता भएका बालबालिकाको सिकाइ आवश्यकता सम्बोधन गर्न मार्गदर्शन तयार गरिएको हो । मार्गदर्शनले प्रारम्भिक बालशिक्षा र विकास कार्यक्रम समावेश गर्न सक्षम बनाउने अपेक्षा लिएको छ । साथै यस मार्गदर्शनले प्रारम्भिक बालविकासको पाठ्यक्रम २०७७ मा अपाङ्गता भएका बालबालिकाको पहुँच पुर्याउने लक्ष्य पनि लिएको छ । अन्त्यमा यस योजना मार्गदर्शन तयार गर्न सहयोग गर्नु हुने युनिसेफ नेपाल, ह्याण्डिक्याप इन्टरनेसनल तथा सेतो गुँरास राष्ट्रिय बालविकास कार्यकम, र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दै, अपाङ्गता भएका बालबालिकालाई प्रारम्भिक बाल विकास कार्यक्रममा समावेश गर्न यो मार्गनिर्देशन उपयोगी हुने विश्वास लिएको छु ।

**चूडामणि पौडेल**
महानिर्देशक

# विषयसूची


**वैयक्तिक प्रारम्भिक सिकाइ योजना सम्बन्धि मार्गदर्शन** १

१. **परिचय** ३

२. **उद्देश्य** ४

३. **वैयक्तिक प्रारम्भिक सिकाइ योजनाका चरणहरू** ५

१. **चरण एक** : अपाङ्गता भएका बालबालिका पहिचान तथा अपाङ्गता परीक्षण ५

२. **चरण दुई** : अपाङ्गता परिचयपत्र तथा प्रारम्भिक सहयोगका लागि बालबालिका योग्य भएको उल्लेख ६

३. **चरण तीन** : बालबालिकाको सेवा प्रदायकको बैठक योजना (योजना तयारी बैठक) ६

४. **चरण चार** : वैयक्तिक प्रारम्भिक सिकाइ योजनासम्बन्धी बैठक ७

५. **चरण पाँच** : बैयक्तिक प्रारम्भिक सिकाइ योजना तर्जुमा ८

६. **चरण छ** : प्रारम्भिक सहयोग ८

७. **चरण सात** : बालबालिकाको प्रगति मापन तथा अभिभावकलाई प्रगति जानकारी गराउने ९

८. **चरण आठ** : वैयक्तिक प्रारम्भिक सिकाइ योजना पुनरावलोकन १०

९. **चरण नौ** : बालबालिकाको सिकाइको पुन:मूल्यांकन ११

४. **योजनाको विषयवस्तु** १२

५. **सक्षमता** १३

६. **योजना तयार गर्दा ध्यान दिनु पर्ने पक्षहरू** १४

**७. योजनाको नमूना खाका** १५

१. प्रारम्भिक बालविकास केन्द्रको नाम र ठेगाना १५

२. बालबालिकाको तर्फबाट हस्ताक्षर गर्ने व्यक्ति वा अभिभावकको विवरण र बालबालिकालाई सहयोग पुऱ्याउने विज्ञको विवरण १६

३. बालबालिकाको वैयक्तिक विशेषता वा गुण १७

४. शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्व १८

५. ध्यान दिनु पर्ने पक्ष / क्षेत्र १८

६. सिकाइ उपलब्धि कुनै पनि पुरा नभएको २०

**८. दैनिक कार्यतालिकाको नमूना** २३

# वैयक्तिक प्रारम्भिक सिकाइ योजना मार्गदर्शन

## विषय प्रवेश

“वैयक्तिक प्रारम्भिक सिकाइ योजना मार्गदर्शन” अपाङ्गता भएका प्रारम्भिक बाल्यावस्थाका बालबालिकाको सिकाइ र विकासमा सहयोग गर्दै उनीहरूलाई प्रारम्भिक बालविकास कार्यक्रममा समावेश गर्न आवश्यक हुने प्रारम्भिक सिकाइ योजना निर्माणका लागि शिक्षकलाई सहजीकरण गर्ने दस्तावेज हो। यस मार्गदर्शनले अपाङ्गता भएका बालबालिकाको सिकाइ आवश्यकता सम्बोधन गर्न मद्दत गर्छ । यस मार्गदर्शनले लक्षित समूह बालबालिका केन्द्रित सिकाइ योजना निर्माण गरी बालविकास कार्यक्रममा समावेश गराउन शिक्षकको क्षमता विकास गराउने उद्देश्य लिएको छ । यसका साथै मार्गदर्शनले प्रारम्भिक बालविकासको पाठ्यक्रम २०७७ कार्यान्वय गर्न शिक्षकलाई तयार गर्ने उद्देश्य पनि लिएको छ ।

प्रारम्भिक बाल्यावस्था मानव विकासको आधारशीला हो। यस अवस्थाका बालबालिकाले सर्वाङ्गीण विकासको अवसर पाउनु पर्ने विश्वव्यापी मान्यतालाई आत्मसात गर्दै नेपालको संविधानले प्रारम्भिक बाल्यावस्थाका बालाबलिकालाई प्रारम्भिक बाल विकासको हक हुने उल्लेख गरेको छ । पन्ध्रौं योजनाले सबै बालबालिकालाई प्रारिम्भक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गर्ने उद्देश्य लिएको छ। अनिवार्य तथा निः शुल्क शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ ले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक बर्षे प्रारम्भिक बालशिक्षा र विकास अनिवार्य हुने व्यवस्था गरेको छ। कार्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकास गर्नुका साथै कक्षा एकको सिकाइका लागि तयार गर्ने उद्देश्य राखी बालबालिकालाई विकास र सिकाइमा सहयोग गरिरहेको छ। यद्यपि नेपालमा अपाङ्गता भएका बालबालिकलाई प्रारम्भिक बालविकास कार्यक्रममा समावेश गर्ने कार्य चुनौतीपूर्ण छ। अपाङ्गताको समयमा नै पहिचान नहुनु, शिक्षकलाई अपाङ्गता भएका बालबालिकाको विकास र शिक्षामा सहजीकरण गर्ने ज्ञान र सिपको कमी हुनु,

अभिभावकलाई आफ्ना छोराछोरीको विकास र सिकाइमा सहभागी गराउन नसक्नु तथा अपाङ्गता भएका बालबालिकाको विकास र सेवामा संलग्न हुने सबै सेवा प्रदायकलाई समन्वयात्मक ढङ्गले परिचालन गरी अपाङ्गतालाई प्रारम्भिक सहयोग गर्न नसक्नु आदि कारणले अपाङ्गता भएका बालबालिकलाई प्रारम्भिक बालविकास कार्यक्रममा समावेश गर्न कठिन भएको छ । वैयक्तिक प्रारम्भिक सिकाइ योजना मार्गदर्शन बालबालिकाको वैयक्तिक प्रारम्भिक सिकाइ योजना निर्माणमा शिक्षकलाई सहजीकरण गरी अपाङ्गता भएका बालबालिकलाई प्रारम्भिक बालविकास कार्यक्रममा समावेश गर्न सक्षम बनाउने उद्देश्यले वैयक्तिक प्रारम्भिक सिकाइ योजना मार्गदर्शन तयार गरिएको छ ।

# १. परिचय

अपाङ्गता भएका तथा सिकाइमा कठिनाइ भएका प्रारम्भिक बालशिक्षा तथा बालविकास उमेर समुहका बालबालिकाको सिकाइमा सहजीकरण गर्न तयार गरिने योजनालाई वैयक्तिक प्रारम्भिक सिकाइ योजना भनिन्छ । सामान्य खालको पाठ योजनाले अपाङ्गता भएका तथा सिकाइमा कठिनाई भएका बालबालिकाको सिकाइको आवश्यकतालाई सम्बोधन गर्न नसक्ने भएकोले वैयक्तिक प्रारम्भिक सिकाइ योजना विकास गर्न आवश्यक देखिएको हो । वैयक्तिक प्रारम्भिक सिकाइ योजनाअनुसार सिकाइ सहजीकरण गर्दा अपाङ्गता भएका तथा सिकाइमा कठिनाइ भएका बालबालिकाको विकास र सिकाइमा सहयोग पुग्ने मात्र नभई उनीहरूका कार्यगत सीमितततालाई सम्बोधन गर्नुका साथै अपाङ्गताको असर कम गर्न पनि सहयोग गर्दछ। यस योजनाले विशेष गरी अपाङ्गता भएका तथा सिकाइमा कठिनाइ भएका बालबालिकाको सिकाइ सहजताका लागि पाठ्यक्रममा पहुँच पुऱ्याउँछ ।



# २. उद्देश्य

यस मार्गदर्शनले देहायबमोजिमको उद्देश्य राखेको छ ।

(क) अपाङ्गता, कार्यगत सीमितता तथा सिकाइमा कठिनाइ भएका प्रारम्भिक बाल्यवस्थाका बालबालिकाको सिकाइमा सहजीकरण गर्नु,

(ख) अपाङ्गता भएका तथा सिकाइमा कठिनाइ भएका प्रारम्भिक बाल्यवस्थाका बालबालिकाको पाठ्यक्रममा पहुँच पुऱ्याई उनीहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर प्रदान गर्नु,

(ग) अपाङ्गता भएका तथा सिकाइमा कठिनाइ भएका बालबालिकाका लागि विद्यालय शिक्षाको आधारशीला तयार गर्नु,

(घ) अपाङ्गता भएका बालबालिकाको शिक्षण सिकाइमा प्रारम्भिक सहयोग गर्ने,

(ङ) अपाङ्गताको कारण आउन सक्ने थप अवरोधलाई कम गर्नु,

(च) अपाङ्गता भएका तथा सिकाइमा कठिनाइ भएका बालबालिकाको व्यक्तित्व विकास र सिकाइमा सुधार गर्दै उनीहरूको सिकाइलाई गुणस्तरीय बनाउनु ।

# ३. वैयक्तिक प्रारम्भिक सिकाइ योजनाका चरणहरू

## १. चरण एक

**अपाङ्गता भएका बालबालिका पहिचान तथा अपाङ्गता परीक्षण :** यस चरणमा प्रारम्भिक बालविकास केन्द्रको सेवा क्षेत्रमा भएका बालबालिकालाई कुनै अपाङ्गता भएको शङ्का लागेमा वासिङ्गटन समूहको प्रश्नको प्रयोग गरी अपाङ्गताको प्रारम्भिक पहिचान गर्नुपर्दछ । वासिङ्गटन समूहका प्रश्नहरू प्रयोग गरी अपाङ्ताको प्रारम्भिक पहिचान गर्न शिक्षकलाई तालिमको व्यवस्था गर्नुपर्दछ । प्रारम्भिक पहिचानबाट बालबालिकामा अपाङ्गता भएको शङ्का लागेमा थप अपाङ्गता परीक्षण र प्रमाणीकरणका लागि चिकित्सकहरूद्वारा परीक्षण गर्न गराउन अभिभावकलाई सल्लाह दिनुपर्छ वा गराइदिनुपर्छ । यसरी सहजीकरण गर्दा अपाङ्गता भएको पाइएमा कुन खालको अपाङ्गता भएको हो सोको यस खण्डमा स्पष्ट उल्लेख गर्नुपर्दछ । चिकित्सकहरूले यस अघि नै अपाङ्गता परीक्षण गरी पहिचान गरिसकेको भए अपाङ्गताको प्रकार उल्लेख गर्नुपर्दछ ।



## २. चरण दुई

**अपाङ्गता परिचयपत्र तथा प्रारम्भिक सहयोगका लागि बालबालिका योग्य भएको उल्लेख:** यस चरणमा बालबालिकालाई अपाङ्गता परिचय पत्रमा उल्लेख गरिएको अपाङ्गता र उक्त अपाङ्गताका लागि उपलब्ध गराइने विशेष सहयोग वा प्रारम्भिक हस्तक्षेप लेख्नुपर्दछ ।



## ३. चरण तीन

**बालबालिकाको सेवा प्रदायकको बैठक योजना (योजना तयारी बैठक):** अपाङ्गता भएका बालबालिकाका लागि विभिन्न प्रकारका थेरापी, औषधी, सल्लाह सेवा आवश्यक पर्ने हुन्छ । उल्लेखित सेवा फरक फरक विज्ञबाट उपलब्ध गराउनु पर्ने भएकोले यस चरणमा बैयक्तिक प्रारम्भिक बैयक्तिक सिकाइ योजनामा संलग्न हुने सेवा प्रदायकहरूको बैठकको योजना गरिन्छ । योजना तयारी बैठकमा सेवा प्रदायकहरू जस्तै स्थानीय तहका शिक्षा अधिकृत, सम्बन्धित



क्षेत्रका चिकित्सक, शिक्षक, नर्स, परामर्शदाता तथा अभिभावक र सामाजिक कार्यकर्तालाई आमन्त्रण गर्नुपर्दछ । योजना निर्माण गर्दा बहुविधाका विज्ञको सहयोग आवश्यक पर्ने तर नेपालको सन्दर्भमा योजना निर्माणमा आवश्यक हुने सबै विज्ञ उपलब्ध हुन सक्ने अवस्था सबै स्थान र सन्दर्भमा नहुने भएकोले पहिले योजनाको तयारी बैठक बस्नुपर्छ । बैठकमा योजना आवश्यकताको विषयमा स्पष्ट पार्नुपर्दछ ।

## ४. चरण चार

**वैयक्तिक प्रारम्भिक सिकाइ योजनासम्बन्धी बैठक:** चरण तीनमा उल्लेख गरिएका सेवा प्रदायक तथा सरोकारवालाहरूसँगको योजना तयारी बैठकमा छलफल गरेबमोजिम बालबालिकाको कार्यगत सीमितता, सबल पक्ष तथा आवश्यक सहयोग तथा सेवा निर्क्योल गरिसके पछि बैयक्तिक प्रारम्भिक सिकाइ योजनासम्बन्धी बैठक आयोजना गरी बालबालिका अपाङ्गताको विषयमा छलफल गरिन्छ । छलफलमा योजनाको आवश्यकताको विषयमा पनि छलफल गरिन्छ ।

## ५. चरण पाँच

**बैयक्तिक प्रारम्भिक सिकाइ योजना तर्जुमा**ः यस चरणमा वैयक्तिक प्रारम्भिक सिकाइ योजना तर्जुमा समूहले बालबालिकाको अपाङ्गता तथा विशेष सहयोगको आवश्यकता तथा प्रारम्भिक सहयोगको आवश्यकताका आधारमा प्रारम्भिक सिकाइ योजना तर्जुमा गर्दछन् । योजनामा अभिभावक तथा परिवार, शिक्षक तथा स्वास्थ्यकर्मीलगायतका सेवा प्रदायकले दिनु पर्ने सेवा तथा प्रारम्भिक हस्तक्षेपका सम्बन्धमा उनीहरूको भूमिकाका विषयमा स्पष्ट पार्नुपर्दछ ।

## ६. चरण छ

**प्रारम्भिक सहयोग**ः यस चरणमा योजनामा उल्लेख गरिएअनुसारको प्रारम्भिक सहयोग उपलब्ध गराइन्छ । योजनाको एक प्रति अभिभावकलाई पनि दिनुपर्दछ । सम्पूर्ण सेवा प्रदायक जस्तै शिक्षक, स्वास्थ्यकर्मी, उपचारमा संलग्न व्यक्तिलाई पनि योजनामा पहुँच हुनु पर्दछ । यसो भएमा उनीहरूले अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकालाई आवश्यक पर्ने सेवाहरू जस्तैः उपयुक्त अनुकूलन तथा अन्य सहयोग पुऱ्याउने जिम्मेवारी पुरा गर्न सक्षम हुनेछन् ।



## ७. चरण सात

**बालबालिकाको प्रगति मापन तथा अभिभावकलाई प्रगति जानकारी गराउनेः** यस चरणमा बालबालिकाको सिकाइसम्बन्धी नियमित प्रगति मापन गरी अभिभावकलाई निरन्तर जानकारी गराउनु पर्दछ । बालबालिकाको विकास र सिकाइको प्रगति मापन र प्रतिवेदन योजना कार्यन्वयनको अवधि अर्थात प्रत्येक तीन महिनामा अनिवार्य रुपमा गर्नुपर्दछ। प्रगति मापन र प्रतिवेदनले बालबालिकालाई शैक्षिक सत्रको अन्त्यसम्मका लागि तय गरेको सिकाइ उद्देश्य हासिल गर्न सहयोग गर्दछ।



## ८. चरण आठ

**वैयक्तिक प्रारम्भिक सिकाइ योजना पुनरावलोकनः** यस चरणमा वैयक्तिक प्रारम्भिक सिकाइ योजना पुनरावलोकन गर्नुपर्दछ । पुनरावलोकन खासगरी प्रत्येक तीन तीन महिनामा र कम्तिमा वर्षको एक पल्ट गर्नुपर्दछ । अभिभावक वा प्रारम्भिक बालविकास केन्द्रले आवश्यक ठानेमा त्यो भन्दा अगाडि नै पनि पुनरावलोकन गर्न सकिन्छ । पुनरावलोकनमा अभिभावक तथा सम्पूर्ण सेवा प्रदायकलाई सहभागी गराउनुपर्दछ । अभिभावकले बालबालिकालाई गरेको सहयोग तथा परिवर्तनको अवलोकन गर्ने वा अन्य सहयोग जस्तैः उपचार, औषधी तथा अपाङ्गता परीक्षण र पहिचानका कार्य अवलोकन गरी थपघट गर्ने सम्बन्धमा छलफल गर्न सकिन्छ ।



## ९. चरण नौ

**बालबालिकाको सिकाइको पुनः मुल्याङ्कनः** अपाङ्गता भएका तथा कार्यगत सीमितता भएका बालबालिकाको अपाङ्गता परीक्षण कम्तिमा तीन वर्षको एक पल्ट गर्नुपर्दछ। यस परीक्षणको मुख्य उद्देश्य बालबालिकामा भएको अपाङ्गता तथा कार्यगत सीमितताको स्तर र यसको असर कस्तो छ भनी जानकारी लिनु हो । अपाङ्गता निरन्तर भएको वा कम भएको वा घटेको भनी बुझ्न यस प्रकारको परीक्षण गर्नुपर्दछ। तथापि बालबालिकाको अवस्था थप गम्भिर भएमा वा बिग्रदै गएमा पटक पटक परीक्षण र पुनरावलोकन गर्नुपर्दछ।



# ४. योजनाको विषयवस्तु

योजनाले प्रारम्भिक बलविकासको पाठ्यक्रमलाई आधार मान्ने भए तापनि निम्नलिखित विषयमा विशेष जोड दिनुपर्दछ ।

क) आधारभूत सिप सिकाइ (सामाजिक, स्वबलम्वन, शारीरिक/व्यवहारिक सिप)

ख) भाषा, सञ्चार, साक्षरता र गणितीय सिप

ग) स्वसहयोग र अङ्ग सञ्चालन सिप



घ) संवेगात्मक र स्वनियमन सिप

ङ) संज्ञानात्मक विकास

# ५. सक्षमता

योजनाले प्रारम्भिक बालविकासको पाठ्यक्रम २०७७ तय गरेका देहाय बमोजिमको सक्षमताहरू हासिल गराउने सिकाइ क्रियाकलापहरू गराउनु पर्दछ ।

१. अभिव्यक्ति तथा सञ्चारका लागि भाषाको उपयोग

२. पोषणयुक्त खाद्य परिकारको पहिचान र दैनिक रूपमा उपयोग

३. स्वस्थकर बानी तथा असल सामाजिक व्यवहारको अनुसरण र आवश्यकतानुसार नमुना प्रदर्शन

४. वैयक्तिक सुरक्षाका उपाय अवलम्बन

५. दैनिक व्यवहारका कार्य सम्पादनका क्रममा विषयगत सिकाइ र सिर्जनात्मक सोचको प्रयोग

६. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता र तिनमा आधारभूत सिपको प्रयोग



# ६. योजना तयार गर्दा ध्यान दिनुपर्ने पक्षहरू

वैयक्तिक प्रारम्भिक सिकाइ योजना तयार गर्दा अपाङ्गता भएका बालबलिकाहरू तथा सिकाइमा कठिनाइ भएका बालबालिकारूको सिकाइ आवश्यकता सम्बोधन हुने गरी क्रियाकलाप तथा मूल्याङ्कनका तरीकाहरू अनुकूलन गर्दै सिकाइ सहजीकरण गर्नुपर्दछ । विशेष गरी दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, सिकाइ अपाङ्गता, बौद्धिक अपाङ्गता, स्नायु विकाससम्बन्धी अपाङ्गता तथा मानसिक मनोसामाजिक अपाङ्गता भएका बालबालिकाहरू सिक्न सक्ने र सहभागी हुन सक्ने गरी क्रियाकलाप अनुकूलन गर्नुपर्दछ । उदाहरणका लागि बौद्धिक अपाङ्गता र स्नायु विकाससम्बन्धी अपाङ्गता भएका बालबालिकाले प्रत्यक्ष सिकाइ तथा दृश्य र चित्रबाट सिक्न सक्ने भएकोले यथार्थ वस्तु तथा चित्रात्मक प्रस्तुतिको प्रयोग बढी गर्नुपर्दछ । यस समूहका बालबालिकालाई क्रियाकलाप टुक्र्याएर गराउनु पर्ने, पटक पटक दोहोर्याउनु पर्ने र अभ्यासका लागि बढि समय दिनु पर्ने हुन्छ । दृष्टिविहीनहरूका लागि पूर्व ब्रेल र इम्बोस्ट चित्र, न्यून दृष्टियुक्तलाई ठुला छापा, बहिराहरूलाई आधारभूत सङ्केत तथा सुस्त श्रवणयुक्त बालबालिकालाई चित्रात्मक प्रस्तुतिका साथै (क्यापसनिङ)को प्रयोग गर्नुपर्दछ । सिकाइमा सबै बालबालिकाको पहुँच पुर्याउनका लागि उपलब्धताका आधारमा उच्च, मध्यम तथा न्यून खालको अनलाइन तथा अफलाइन प्रविधिको प्रयोग पनि गर्नुपर्दछ ।

# ७. योजनाको नमूना खाका



## १. प्रारम्भिक बालविकास केन्द्रको नाम र ठेगाना

फोटो

बालबालिकाको नाम:

जन्म मिति: ........... महिनादेखि ......... महिना सम्म

त्रैमासिक योजना:

अभिभावकको नाम:

ठेगाना:

अपाङ्गताको प्रकार:

योजना निर्माणको मिति:

## २. बालबालिकाको तर्फबाट हस्ताक्षर गर्ने व्यक्ति वा अभिभावकको विवरण र बालबालिकालाई सहयोग पुऱ्याउने विज्ञको विवरण

| बालबालिकालाई हेरचाह गर्ने व्यक्ति (अभिभावक/ हेरचाह गर्ने व्यक्ति) | नाम | सम्पर्क ठेगाना | सम्पर्क मिति |
|---|---|---|---|
| कक्षा शिक्षक | | | |
| चिकित्सक/ स्वस्थ्य कर्मी | | | |
| सामाजिक कार्यकर्ता | | | |
| अन्य सेवा पनि उपलब्ध गराएको भए | | | |

### सहयोगी व्यक्ति वा संस्थाको विवरण

| पुऱ्याएको सहयोग | संस्था वा व्यक्ति | कति समय सहयोग गरेको थियो |
|---|---|---|
| | | |
| | | |
| | | |

## ३. बालबालिकाको वैयक्तिक विशेषता वा गुण



रुचि:

सबल पक्ष:

सामाजिक सिप:

उत्प्रेरक बिन्दु:

विगतमा गरेको सहयोगले राम्रो नतिजा दिएको अभिलेख:

## ४. शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्व

प्रारम्भिक बालविकास केन्द्रमा उपस्थितिको विवरण:

प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुनुभन्दा पहिलेको विवरण (समय):

विगतमा सिकाइ सहयोग वा अन्य सहयोग गरेको भए सोको विवरण:

अन्य कुनै विशेष कुरा भए उल्लेख गर्ने:

## ५. ध्यान दिनुपर्ने पक्ष/क्षेत्र

जात जाति:

आर्थिक अवस्था:

पारिवारिक पृष्ठभूमि:

संज्ञानात्मक अवस्था:

सामाजिक संवेगात्मक अवस्था:

स्वास्थ्य अवस्था:

पोषणको अवस्था:

## सिकाइ योजना (हासिल गर्नु पर्ने सिकाइ उपलब्धि)

| उद्देश्य | समयावधि | बालबालिकाले गर्ने क्रियाकलाप | शिक्षकले गर्ने सहयोग | अभिभावकले गर्ने सहयोग | सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|---|
| शारीरिक विकास | | आत्मविश्वासका साथ हिंड्न, विस्तारै र ठिक्क गतिमा सिढी उक्लन र ओर्लने | अपाङ्ता अनुकुलका अभ्यास जस्तै सेतो छडिको प्रयोग गरेर, अन्य व्यक्तिको हात समाएर, अन्य व्यक्ति हिडेको देखाएर तथा भऱ्याङका खुडकिलाको स्पर्शबाट हिंड्न सहयोग गर्ने, बालबालिकाले हिंड्न नसकेमा अभ्यास दोहोऱ्याइ रहने र हिंड्न सक्ने बनाउने । | अपाङ्ता अनुकूलका अभ्यास जस्तै सेतो छडिको प्रयोग गरेर, अन्य व्यक्तिको हात समाएर, अन्य व्यक्ति हिंडेको देखाएर तथा भऱ्याङका खुडकिलाको स्पर्शबाट हिंड्न सहयोग गर्ने, बालबालिकाले हिंड्न नसकेमा अभ्यास दोहोर्याइ रहने र हिंड्न सक्ने बनाउने | वाकर र बालबालिका चढन मिलने खुडकिला भएको मेच वा फर्निचर | वाकरको प्रयोग गरी हिंड्न सकेको । वाकरको प्रयोग नगरी हिंड्न सकेको भऱ्याङ चढन सकेको । भऱ्याङ् चढन सकेको । |
| पाठ्यक्रम सँगको आवद्धता | | आधारभूत सिप सिकाइ | | | | |

### सिकाइ उपलब्धिको स्तर

क) सिकाइ उपलब्धि पुरा भएको

ख) सिकाइ उपलब्धि दुई तिहाइ पुरा भएको

ग) सिकाइ उपलब्धि आधा पुरा भएको

घ) सिकाइ उपलब्धि एक तिहाइ पुरा भएको

## ६. सिकाइ उपलब्धि कुनै पनि पुरा नभएको

वैयक्तिक प्रारम्भिक सिकाइ योजनाको मूल्याङ्कन: योजनाको उपलब्धिको स्तर

क) उच्च      ख) मध्यम      ग) न्यून      घ) अन्य

**सिकाइ योजना (हासिल गर्नु पर्ने सिकाइ उपलब्धि)**

| उद्देश्य | समयावधि | बालबालिकाले गर्ने क्रियाकलाप | शिक्षकले गर्ने सहयोग | अभिभावकले गर्ने सहयोग | सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|---|
| सामाजिक सांकृतिक र नैतिक सिप विकास | | नमस्कार गर्न | नमस्कार गरेर नक्कल गर्न लगाउने बालबालिकाको हात समातेर नमस्कार गर्न सिकाउने, नमस्कारको सङ्केतबाट सिकाउने । नमस्कार गरेको स्पर्श चित्रबाट सिकाउने । नमस्कार गरेको चित्रबाट सिकाउने | नमस्कार गरेर नक्कल गर्न लगाउने बालबालिकाको हात समातेर नमस्कार गर्न सिकाउने, नमस्कारको संकेतबाट सिकाउने । नमस्कार गरेको स्पर्श चित्रबाट सिकाउने । नमस्कार गरेको चित्रबाट सिकाउने | नमस्कार गरेको इम्बोस्ट चित्र र संकेत चित्र | नमस्कार गर्न नसकेको नमस्कार गर्न सकेको |
| पाठ्यक्रम सँगको आवद्धता | | आधारभूत सिप सिकाइ | | | | |

**सिकाइ उपलब्धिको स्तर**

क) सिकाइ उपलब्धि पुरा भएको

ख) सिकाइ उपलब्धि दुई तिहाइ पुरा भएको

ग) सिकाइ उपलब्धि आधा पुरा भएको

घ) सिकाइ उपलब्धि एक तिहाइ पुरा भएको

ङ) सिकाइ उपलब्धि कुनै पनि पुरा नभएको

वैयक्तिक प्रारम्भिक सिकाइ योजनाको मूल्याङ्कनः योजनाको उपलब्धिको स्तर

क) उच्च  ख) मध्यम  ग) न्यून  घ) अन्य

**सिकाइ योजना (हासिल गर्नु पर्ने सिकाइ उपलब्धि)**

| उद्देश्य | बालबालिकाले गर्ने क्रियाकलाप | शिक्षकले गर्ने सहयोग | अभिभावकले गर्ने सहयोग | सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| भाषिक सिप विकास | वस्तुको आकार प्रकार, रङ र सङ्केत पहिचान गर्न<br>समूह सिप अन्तर्गत दिएका निर्देशनहरु सुनेर गर्न (गीत, कविता)<br>कुनै पनि चित्र हेरेर त्यसको वर्णन गर्न<br>कुनै वस्तु वा चित्र हेरी विचार व्यक्त गर्न<br>निर्देशित अक्षर चिन्हहरु लेख्न | बल, स्याउ, केरा, खस्रो ढुङ्गा तथा पात देखाउदै, स्पर्श गराउदै चिप्लो, खस्रो सानो ठूलो आकार, रंग तथा प्रकार चिनाउने । | बल, स्याउ, केरा, खस्रो ढुङ्गा तथा पात देखाउँदै, स्पर्श गराउदै चिप्लो, खस्रो सानो ठूलो आकार, रंग तथा प्रकार चिनाउने । | बल, स्याउ केरा, खस्रो ढुङ्गा र पात तथा उक्त वस्तुको,स्पर्श चित्र तथा आधारभूत संकेत चित्र | सबै वस्तु चिन्न सक्छ । बल मात्र चिन्दछ । बल र स्याउ चिन्दछ। केरा मात्र चिन्दछ । केरा र पात चिन्दछ । चिप्लो,खस्रोचिन्दछ सानो र ठूलो चिन्दछ । आकार र रंग चिन्दछ प्रकार पनि चिन्दछ । |
| पाठ्यक्रम सँगको आवद्धता | आधारभूत सिप सिकाइ | | | | |

## सिकाइ उपलब्धिको स्तर

क) सिकाइ उपलब्धि पुरा भएको

ख) सिकाइ उपलब्धि दुई तिहाइ पुरा भएको

ग) सिकाइ उपलब्धि आधा पुरा भएको

घ) सिकाइ उपलब्धि एक तिहाइ पुरा भएको

ङ) सिकाइ उपलब्धि कुनै पनि पुरा नभएको

वैयक्तिक प्रारम्भिक सिकाइ योजनाको मूल्याङ्कन: योजनाको उपलब्धिको स्तर

क) उच्च ख) मध्यम ग) न्यून घ) अन्य

## सिकाइ योजना (हाँसिल गर्नु पर्ने सिकाइ उपलब्धि)

| उद्देश्य | समयावधि | बालबालिकाले गर्ने क्रियाकलाप | शिक्षकले गर्ने सहयोग | अभिभावकले गर्ने सहयोग | सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|---|
| संवेगात्मक विकास | | परिस्थिति अनुसार उचित संवेग (हाँसो, खुशी, दुखः, विस्मात डर तथा माया स्नेह) प्रकट गर्न | बालबालिकालाई तथा खेलौना पुतलीलाई माया गरेको अभिनय गर्न, खेलौना पाउँदा खुशी भएको अभिनय गर्ने । | रिस उठेको, चिच्याएको अभिनय गर्ने । हाँसो उठ्ने कुरा गर्ने, रुन मन लाग्ने कुरा गर्ने कथा भन्ने, संकेत गर्ने । | खेलौनापुतली, कथाको संकेत तथा इम्बोस्ट चित्र । खुशी भएको तथा रिसाएको संकेत चित्र | परिस्थिति अनुसार उचित संवेग सबै प्रयोग गर्न सक्छ हासो र खुशी प्रकट गर्ने सक्छ । विस्मात र डर प्रकट गर्ने गर्न सक्छ । |
| पाठ्यक्रम सँगको आवद्दता | | आधारभूत सिप सिकाइ | | | | |

## सिकाइ उपलब्धिको स्तर

क) सिकाइ उपलब्धि पुरा भएको

ख) सिकाइ उपलब्धि दुई तिहाइ पुरा भएको

ग) सिकाइ उपलब्धि आधा पुरा भएको

घ) सिकाइ उपलब्धि एक तिहाइ पुरा भएको

ङ) सिकाइ उपलब्धि कुनै पनि पुरा नभएको

वैयक्तिक प्रारम्भिक सिकाइ योजनाको मूल्याङ्कन: योजनाको उपलब्धिको स्तर

क) उच्च ख) मध्यम ग) न्यून घ) अन्य

# ८. दैनिक कार्यतालिकाको नमूना

| क्र.सं. | क्रियाकलाप | समय | विस्तृत क्रियाकलाप | उपयुक्त अनुकूलन |
|---|---|---|---|---|
| १. | सुरुआत | १५ मिनेट | • केन्द्रमा स्वागत, खाजा र झोला तोकिएको ठाउँमा राख्ने,<br>• शौचालय जाने, जत्ता चप्पल उपयुक्त ठाँउमा राख्ने,<br>• सरसफाइ अवलोकन र आवश्यकताअनुरूप सरसफाइ गरिदिने<br>• शिष्टाचार, प्रार्थना र ध्यान गर्ने गराउने । | • स्वागत गर्दा उपयुक्त अनुकूलन तोकिएको ठाउँमा जस्तै सङ्केत, चित्रात्मक प्रस्तुतिस्पर्श संकेत तथा स्पर्श चित्र प्रयोग गर्ने<br>• शौचालय जान, जुत्ता चप्पल उपयुक्त ठाँउमा राख्नन सहयोग गर्ने<br>• सरसफाइ अवलोकनमा उपयुक्त अनुकूलन गर्ने<br>• शिष्टाचार, प्रार्थना र ध्यानमा उपयुक्त अनुकूलन गर्ने । |
| २. | केन्द्र प्रवेश | ३० मिनेट | • हाजिरी<br>• दिन बार मौसम तालिका मिलाउने र ती सम्बन्धमा गीत, खेल खेलाउने वा शिष्टाचार गीत खेल खेलाउने<br>• घेरा समय (साधारण छलफल, अनुभव आदानप्रदान) | • सबै क्रयाकलापमा उपयुक्त अनुकूलन गर्ने । |
| ३. | विषय प्रवेश योजनाबद्ध सामूहिक क्रियाकलाप (शिक्षक सहयोगी दैनिक क्रियाकलाप पुस्तिकाको सहयोग लिने) | ६० मिनेट | • शीर्षकगत गीत/कथा/कविता<br>• शीर्षकगत विषयवस्तुमा छलफल, अनुभव आदानप्रदान, धारणा प्रस्ट्याउने, क्रियाकलापका लागि निर्देशन<br>• ससाना समूह बनाई सिकाइ कुनाको क्रियाकलाप<br>• क्रियाकलापको पुनवरालोकन र थप आवश्यक सहयोग र निर्देशन | • उपयुक्त अनुकूलन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ४. | आराम | ३० मिनेट | • सुत्ने वा बस्ने | |
| ५. | खाजा समय | ३० मिनेट | • स्वास्थ्य/नैतिक सन्देश<br>• हात धुने र खाजा खाने | • हात धुन सहयोग गने |
| ६. | स्वतन्त्र खेल | १५ मिनेट | • इच्छाअनुसार भित्र बाहिर स्वतन्त्र रूपले खेल्न दिने | • खेलमा अपाङ्गता भएका बालबालिकालाई सहभागी गराउने |
| ७. | सङ्गीत/ अभिनय/ खेल | १५ मिनेट | • विषयसँग सम्बन्धित कुनै पनि गीत/अभिनय गर्न दिने/ खेल खेल्न दिने | • उपयुक्त अनुकूलन गरेर गीत, अभिनय गराउने, खेल खेलाउने |
| ८. | योजनाबद्ध क्रियाकलाप (शिक्षक सहयोगी दैनिक क्रियाकलाप पुस्तिकाको सहयोग लिने) | ६० मिनेट | • ससाना समूह बनाई सिकाइ कुनाको क्रियाकलाप<br>• क्रियाकलापको पुनरावलोकन र थप आवश्यक सहयोग | • सिकाइ कुनाको क्रियकलापपा उपयुक्त अनुकूलन गर्ने । |
| ९. | पुनरावलोकन | १५ मिनेट | • दिनभरिका क्रियाकलापको समीक्षा/छलफल/ पृष्ठपोषण<br>• अर्को दिनका लागि आवश्यक निर्देशन<br>• बिदाइ गीत<br>• सरसामान यथास्थानमा राख्ने र अभिभावकले लिन आएमा जाने दिन | • उपयुक्त अनुकूलन सहित क्रियाकलाप गर्ने । |
| | जम्मा ४:३० घण्टा | | | |

unicef
for every child

handicap international

Seto Gurans National Child Development Services